# स्वामीकार्तिक खापर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः १४ मितिः २०७७/०३/१७

## भाग-२

## स्वामीकार्तिक खापर गाउँपालिका

## बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७७

# बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७७

**प्रस्तावनाः**

गाउँपालिकामा बस्ने बैठकहरू तथा पदाधिकारी र कर्मचारिहरूबाट हुने भ्रमणको खर्चलाई व्यवस्थित बनाउन आवश्यक भएकोले यस स्वामीकार्तिक खापर गाउँपालिकाको आर्थिक ऐन २०७७ बमोजिम यो बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७७ बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७७" रहेको छ ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकाबाट पारित भए तुरून्तै लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामाः

(क). " अध्यक्ष " भन्नाले गाउँपालिकाको अध्यक्षलाई जनाउनेछ ।

(ख). " पदाधिकारी " भन्नाले गाउँसभा, गाउँ कार्यपालिका तथा गाउँपालिको निर्णय अनुसार गठित विभिन्न समितिहरूमा नियुक्ति पदाधिकारी तथा सदस्यलाई जनाउनेछ । सो शव्दले उक्त समितिको सचिवलाई समेत जनाउनेछ ।

(ग). "कर्मचारी " भन्नाले गाउँपालिकामा कार्यरत नियमित तलब खाने गरी नियुक्त कर्मचारीहरलाई सम्झनुपर्दछ ।

(घ). " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रूपमा नियुक्त कर्मचारीलाई सम्झनुपर्दछ ।

(ङ). " प्रदेश " भन्नाले सुदुरपश्चिम प्रदेश लाई जनाउनेछ ।

(च). " कार्यालय " भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झुपर्दछ ।

## परिच्छेद २

**बैठक भत्ता सम्बन्धी व्यवस्था**

३. **बैठक भत्ता उपलब्ध गराउन सक्नेः** (१) यस गाउँपालिकाले गाउँसभा, गाउँ कार्यपालिका तथा कानून बमोजिम गठित विभिन्न समिति, उपसमिति तथा कार्यदलहरूको बैठक बस्दा पदाधिकारीलाई बैठक भत्ता उपलब्ध गराउन सक्नेछ ।

(२). कार्यालय समय भित्र नियमानुसार मासिक तलब प्राप्त गर्ने पदाधिकारी तथा कर्मचारी सहभागी हुने बैठकमा भत्ता उपलब्ध गराउन मिल्ने छैन् ।

**४. बैठक भत्ताको दरः** (१) दफा ३ बमोजिम हुने बैठकमा मासिक हुने पदाधिकारी तथा कर्मचारीले प्रदेश कानून बमोजिम प्रति बैठक रू. ............. का दरले बैठक भत्ता पाउने छन् ।

(२) एकै दिनमा बैकठ सम्पन्न नभई अर्को दिनहरूमा पनि लगातार बैठक बस्नु परेमा बैठक स्थगित भएको र अर्को दिन बैठक बसेको व्यहोरा बैठक निर्णय पुस्तिकामा उल्लेख भएमा बैठकमा सहभागी भएको सबै दिनको भत्ता उपलव्ध गराउन बाधा परेको मानिने छैन् ।

(३) भत्ता वितरण गरेको बैठकमा पदाधिकारीहरूको उपस्थिती र गरेका निर्णयहरूको प्रतिलिपी सम्बन्धित भरपाईमा राख्नुपर्नेछ ।

**५. कर कट्टा गर्नुपर्नेः** (१). बैठक भत्ता वापत वितरण गरिने रकममा भत्ता वितरण गर्ने निकायले नियमानुसार १५ प्रतिशत कर कट्टा गर्नुपर्नेछ ।

**६. वडा समितिको बैठकः** (१). वडा समितिको बैकठमा उपस्थित पदिधकारीहरू प्रत्येक बैठकको

भत्ता पाउने छन् ।

(२). तर उपदफा (१) बमोजिमको बैठक भत्ता औचित्यताको महिनामा दृई पटक सम्मका लागी मात्र व्यवस्था हुनेछ ।

## परिच्छेद ३

## स्थानीय यातायात खर्च ( गाडी भाडा ) सम्बन्धी व्यवस्था

**७. स्थानीय यातायात खर्च उपलव्ध हुनेः** (१) बैठकमा सहभागी हुने पदाधिकारीहरूले सार्वजनिक सवारी साधन प्रयोग गरेर आएको खण्डमा स्थानीय यातायात वापत रू. ५००।- प्राप्त हुनेछ ।

(२). ............... र ............. जस्ता स्थानबाट बैठकमा सहभागी हुने पदिधकारीको लागी थप रू. यातायात खर्च वापत प्राप्त हुनेछ ।

(३). सरकारी सवारी साधन प्रयोग गर्ने पदाधिकारीका लागी यातायात खर्च उपलव्ध हुनेछैन् ।

## परिच्छेद ४

## दैनिक भत्ता तथा फिल्ड भत्ता सम्बन्धी व्यवस्था

**८. दैनिक भ्रमण भत्ता उपलव्ध गराउनेः** (१) गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीलाई गाउँपालिकाको कामकाजमा गाउँपालिका क्षेत्र भन्दा बाहिर जानु परेमा तोकिए बमोजिमको दैनिक भ्रमण भत्ता उपलव्ध गराइनेछ ।

(२). कुनै सरकारी तथा गैरसरकारी निकायको आयोजनामा हुने कार्यक्रममा सहभागी हुन जाँदाका हकमा कार्यक्रम आयोजक संस्थाले नै भ्रमण खर्चे व्यहोर्ने भनीउल्लेख भई आएमा त्यस प्रकारको भ्रमणमा भ्रमण खर्च भुक्तानि हुनेछैन ।

(३). उपदफा (१) बमोजिम भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले भ्रमण भत्ता माग गर्दा तोकिए बमोजिमको ढाँचामा प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

(४). पदाधिकारी तथा कर्मचारीले प्राप्त गर्ने दैनिक भ्रमण भत्ताको दर पद र श्रेणी अनुसार प्रदेश कानुनले तय गरे बमोजिम हुनेछ ।

**९. प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता उपलव्ध गराउनेः** (१) नियमित रूपमा फिल्डमा गएर आयोजनाहरूको कार्यान्वयनमा कायम गर्नुपर्ने गाउँपालिकाका नियमित प्राविधिक कर्मचारीलाई फिल्ड गए बापत प्रति दिनका रु १२००।– का दरले दिनको फिल्ड भत्ता वापतको दैनिक भ्रमण भत्ता उपलव्ध गराईनेछ ।

(२). उपदफा (१) बमोजिम दिइने फिल्ड भत्ता रकम आयोजना व्यवस्थापन खर्च ( कन्टिजेन्सी) बाट खर्च गरिनेछ ।

**१०. आयोजना अनुगमन सम्बन्धमाः**

गाउँपालिकाबाट सञ्चालित आयोजना अनुगमन गर्दा सम्बन्धित पदाधिकारी तथा कर्मचारीले आयोजना व्यवस्थापन खर्च ( कन्टिजेन्सी ) वा अनुगमन तथा मूल्याँकन खर्चबाट अनुगमन मूल्याँकन भत्ता पाउनेछन् ।

## परिच्छेद ५
## काज स्वीकृत सम्बन्धी व्यवस्था

**११. काज स्वीकृत गर्नुपर्नेः** (१). दैनिक भ्रमणमा जाने कर्मचारी तथा पदाधिकारी भ्रमणको औचित्य सहित सम्बन्धित पदाधिकारिबाट काज स्वीकृत पश्चात मात्र भ्रमण गर्नुपर्नेछ ।

(२). अध्यक्ष स्वयंमको, उपाध्यक्ष, गाउँसभा सदस्य, गाउँ कार्यपालिकाका सदस्य , गाउँपालिकाबाट गठित विभिन्न समिति,उपसमिति तथा कार्यदलका पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृतको काज अध्यक्षबाट स्वीकृत हुनेछ ।

(३). गाउँपालिका तथा वडा कार्यालयहरूमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको काज स्वीकृत प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

## परिच्छेद ६
## खाना खाजा सम्बन्धी व्यवस्था

**१२. बैठकमा चिया खाजाको व्यवस्था गर्नुपर्नेः** (१). बैठकहरूमा सहभागि पदाधिकारी तथा तोकिएको संख्याका सहयोगी कर्मचारीहरूको संख्याका आधारमा प्रति व्यक्ति बैठक रू. १५००।- ले नबढ्ने गरी चिया खाजाको व्यवस्था गर्नुपर्ने छ तर उक्त रकम नगद वितरण गरिने छैन् ।

(२). बिहानै देखी बैठक बस्नु परेमा वा सोही दिन बैठक सम्पन्न नभई सोही दिनको भोलिपल्ट बैठक गर्नुपरेमा बैठकमा सहभागि पदाधिकारी तथा तोकिएका कर्मचारीहरूलाई स्थानीय चलन चल्तीको दररेटमा खाना तथा आवासको व्यवस्था गर्नुपर्नेछ ।

**१३. अन्य व्यवस्थाः**

(१). यस कार्यविधिमा उल्लेख गरिए बाहेकको परिस्थतीहरूमा जनप्रतिनिधि तथा कर्मचारीहरूको बैठक तथा भ्रमण गर्नुपरेमा प्रमुख प्रशासकीय अधिकृतको परामर्शमा अध्यक्षले तोके बमोजिम हुनेछ । यसरी बैठक तथा भ्रमण गर्दा लाग्ने खर्च यसै कार्यविधिमा उल्लेख गरे बमोजिमको दरमा भुक्तानी हुनेछ ।

(२). पदाधिकारीको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

**आज्ञाले**

**अमर बहादुर रोकाया**

**नि.प्रमुख प्रशासकीय अधिकृत**